# भारतको ७७औं गणतन्त्र दिवस मनाउँदै

## राजदूतको सन्देश



भारतको ७७ औं गणतन्त्र दिवसको अवसरमा नेपालमा रहनुभएका मेरा भारतीय साथी तथा भारतका मित्रहरुमा न्यानो अभिवादन टक्रयाउन पाउनु मेरो लागि विशेष सम्मानको कुरा हो।

छयहत्तर वर्षअघि आजकै दिन भारतले आफ्नो संविधान अपनाई गणतन्त्र बनेको थियो । प्रत्येक नागरिकले आफ्ना आकांक्षाहरु पूरा गर्न सकून् र आफ्नो पूर्ण क्षमता हासिल गर्न सकून् भनी भारत र भारतीय जनता लोकतान्त्रिक राज्य व्यवस्था निर्माण गर्ने यात्रामा अघि बढे । हाम्रो विकास यात्रा माननीय प्रधानमन्त्री मोदीको "सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास" भन्ने भनाइमा सटीक रुपमा समेटिएको प्रतिबद्धतामा आधारित छ।

हामी हाम्रो विकासको बाटोमा अघि बढे पनि भारतले "वसुधैव कुटुम्बकम्" (सम्पूर्ण विश्व एउटै परिवार हो) भन्ने आफ्नो प्राचीन आदर्शलाई मान्दै आएको छ । तसर्थ भारतले आफ्ना अनुभव र क्षमताहरु सबै हितैषी साझेदारहरु विशेष गरी छिमेकीहरुसँग साझा गर्न निरन्तर प्रयास गर्दै आएको छ । भौतिक, डिजिटल र जनता-जनताबीचको सम्बन्ध निर्माण सहित हाम्रो "छिमेकी पहिलो" नीतिले शान्ति, समृद्धि र विकासका लागि पारस्परिक रुपमा लाभदायक, जनमुखी नीतिहरु अवलम्बन गर्ने कुरा हाम्रो प्रयास मार्फत प्रतिबिम्बित गर्दछ।

सभ्यतागत सामीप्यता र गहिरो जनता-जनता बीचको सम्बन्धमा अन्तर्निहित नेपालसँग हाम्रो सम्बन्ध विशिष्ट छ। दुवै राष्ट्रबीच सहकार्य र साझेदारीको समृद्ध इतिहास रहेको छ जसले छिमेकी पहिलो नीतिका सिद्धान्तहरु र आपसी सम्मान एवम् समानताका मूल्य-मान्यताहरुलाई प्रतिबिम्बित गर्दछ । यस सम्बन्धलाई दिइएको महत्व विगत केही महिनायता भएका नेतृत्वतहका भेटघाट र अभिव्यक्तिहरुबाट पनि स्पष्ट हुन्छ।

सन् २०२५ सेप्टेम्बरमा नेपालमा भएका घटनाक्रम र अन्तरिम सरकारको गठनपश्चात माननीय प्रधानमन्त्री मोदीले सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीलाई वहाँको नियुक्तिमा बधाई दिनुभयो । दुवै नेताहरुबीच टेलिफोनमा कुराकानी पनि भयो । प्रधानमन्त्री मोदीले सन् २०२५ सेप्टेम्बर ८ र ९ का घटनाहरुमा ज्यान गुमाएकाहरुप्रति हार्दिक समवेदना व्यक्त गर्नुभयो र शान्ति तथा स्थिरता एवम् नेपाली जनताको प्रगतिका लागि नेपालको प्रयासमा भारतको दृढ समर्थन रहने कुरामा जोड दिनुभयो।

यही भावनाबाट प्रेरित भई नेपालको अनुरोधमा सन् २०२६ मार्चमा निर्वाचन सम्पन्न गर्ने नेपालको प्राथमिकत(ालाई सहयोग गर्न भारतले निर्वाचन सम्बन्धी सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । यसै अनुरुप भारतले अनुदान सहयोग मार्फत नेपाललाई करिब ६५० सवारी साधन र अन्य सामग्रीहरु प्रदान गर्नेछ । यस सहयोगको पहिलो खेप सन् २०२६ जनवरी २० मा नेपालका माननीय गृहमन्त्री श्री ओमप्रकाश अर्याललाई औपचारिक रुपमा हस्तान्तरण गरियो। निर्वाचन सम्बन्धी बाँकी सहयोग आगामी केही हप्ताहरुमा विभिन्न ब्याचहरुमा उपलब्ध गराइनेछन्। यो नेपालको निर्वाचनमा भारतले विगतमा गर्दै आएको सहयोगको निरन्तरता पनि हो। सन् २००८ यता भारतले निर्वाचन आयोग लगायत नेपालका विभिन्न मन्त्रालय र विभागहरुलाई २,४०० वटा सवारी साधन उपलब्ध गराइसकेको छ।

नेपालका तर्फबाट भारतमा भएका तीनवटा मन्त्रीस्तरीय भ्रमणहरु सहित विगत केही महिनाहरुमा द्विपक्षीय साझेदारीका अन्य क्षेत्रहरुमा पनि परिणाममुखी र फलदायी विकास भएका छन् । दुवै देशले सन् २०२५ नोभेम्बरमा भारत र नेपालबीचको पारवहन सन्धिको प्रोटोकललाई संशोधन गर्दै लेटर अफ एक्सचेन्जलाई अन्तिम रुप दिए जसले बल्क कार्गो सहित जोगबनी (भारत) र विराटनगर (नेपाल) बीच रेलमार्गबाट हुने मालसामानको ढुवानीलाई सहज बनाउनेछ र दुई देशबीचको मल्टिमोडल ट्रेड कनेक्टिभिटीका साथै तेस्रो मुलुकसँग नेपालको व्यापारलाई थप सुदृढ पार्नेछ। व्यापार सहजीकरण र भन्सार नियन्त्रणका लागि वस्तु निर्यातको प्रि-अराइभल इन्फर्मेसन आदानप्रदानमा सहकार्य हेतु दुई देशले हालै एक समझदारी पत्रमा हस्ताक्षर गरेका छन् जसले अन्तरदेशीय व्यापारको समग्र कुशलता अभिवृद्धि गर्नेछ । यी विकासक्रमहरुले हाम्रो जीवन्त व्यापारिक सम्बन्धलाई थप ऊर्जा प्रदान गर्नेछन्। पारस्परिक रुपमा लाभदायक ऊर्जा सहकार्य विशेषगरी नेपालबाट भारततर्फ हुने विद्युत निर्यातको क्षेत्रलाई अघि बढाउँदै हामीले गत वर्ष भारत र नेपालबीच नयाँ उच्च क्षमताका विद्युत प्रसारण लाइनका लागि दुईवटा संयुक्त उपक्रम (जोइन्ट भेन्चर) सम्झौताहरु पनि सम्पन्न गरेका छौं।

विशेषतः युवा सहभागिता अभिवृद्धि गर्नका लागि गत वर्ष हाम्रो विकास सहकार्य नयाँ क्षेत्रहरुमा प्रवेश गर्‍यो । इन्डिया नेपाल स्टार्टअप पार्टनरसिप नेटवर्क (IN-SPAN) को शुभारम्भ एउटा यस्तै पहल थियो । यसमा नेपाली स्टार्टअपहरुको उत्साहजनक सहभागिता रह्यो र पारदर्शी एवम् प्रतिस्पर्धात्मक प्रक्रियापछि २४ वटा नेपाली स्टार्टअपहरुलाई आईआईटी मद्रास रिसर्च पार्कमा रहेको टेक्नोलोजी इन्क्युबेटर आईआईटीएम 'प्रवर्तक' मा ८ हप्ते इन्क्युबेसन प्रोग्राममा सहभागी हुन छनोट गरियो। एआई, साइबर सुरक्षा, अन्तरिक्ष, एड-टेक, लिगल-टेक, क्लाइमेट-टेक, IT SaaS, एग्री-टेक, सौर्य आदि जस्ता विविध क्षेत्रमा रहेका यी स्टार्टअपहरुले भारतको जीवन्त स्टार्टअप इकोसिस्टमबाट लाभ उठाउन भारतीय समकक्षी, परामर्शदाता र लगानीकर्ताहरुसँग आबद्ध हुँदै आएका छन्। IN–SPAN कार्यक्रमले हाम्रा दुई देशका युवाबीच भविष्यमा हुने सहकार्यका लागि बलियो जग बसालेको छ । यो कार्यक्रमले भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (ITEC) कार्यक्रम र छात्रवृत्ति जस्ता कार्यक्रम मार्फत हाम्रा दुई देशबीच पहिलेदेखि नै रहि आएको बलियो क्षमता निर्माणको सहकार्यलाई थप टेवा पुऱ्याएको छ जसमा निरन्तर उत्साहजनक सहभागिता देखिँदै आएको छ।

हाम्रो सहकार्यका क्षेत्रहरु विस्तार गर्दै गर्दा दुवै देशले खानेपानी आपूर्ति तथा सरसफाइका साथसाथै कृषि क्षेत्रमा समेत सहकार्यका लागि नयाँ समझदारी पत्रमा हस्ताक्षर गरे । दुवै पक्षले आपसी हितका लागि सहकार्यको रुपरेखालाई थप सुदृढ बनाउने र संलग्नताका क्षेत्रहरु विस्तार गर्ने काम जारी राख्नेछन्।

नेपालले प्राकृतिक विपद्को सामना गरेको बेला फर्स्ट रेस्पोन्डरको रुपमा सहयोग गर्न पाउँदा भारत गौरव महसुस गर्दछ। गत वर्ष विशेष गरी पूर्वी र मध्य नेपालमा ठूलो बाढी आयो । उक्त बाढीबाट अवरुद्ध भएको कनेक्टिभिटीलाई पुनः सुचारु गर्न भारतले अनुदान स्वरुप १० वटा नयाँ बेली ब्रिज (७० मिटरभन्दा बढी लम्बाइका) उपलब्ध गराउँदैछ । यीमध्ये पहिलो पुल छिट्टै सिन्धुली जिल्लाको नेपालथोकमा जडान गरिनेछ । थप ६ वटा पुलका लागि स्थानहरु पहिचान गरिसकिएको छ र प्रारम्भिक निर्माण कार्य अघि बढिरहेको छ । भारतले यसअघि सन् २०२४ नोभेम्बरमा बागमती प्रदेशलाई बढी प्रभावित पार्ने गरी आएको भीषण बाढी र पहिरोपश्चात् पनि नेपाललाई १० वटा बेली ब्रिज सहयोगस्वरुप उपलब्ध गराएको थियो।

दुई देशबीचको आत्मीयता र सद्भावलाई थप बलियो बनाउन नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरुको भूमिका निरन्तर रुपमा महत्वपूर्ण र सारभूत रहँदै आएको छ । राजदूतावासका विभिन्न पहलहरुमा वहाँहरुको उत्साहजनक सहभागिता र सहयोगका लागि हामी कृतज्ञ छौं।

म यहाँहरु सबैलाई ७७ औं गणतन्त्र दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु। जय हिन्द ! जय नेपाल !

(नवीन श्रीवास्तव)

## भारत-नेपाल सम्बन्ध बलियो बनाउँदै





भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सन् २०२५ सेप्टेम्बर १८ मा नेपालका सम्माननीय प्रधानमन्त्री श्रीमती सुशीला कार्कीसँग टेलिफोन वार्ता गर्नुभयो। कुराकानीका क्रममा भारतका प्रधानमन्त्रीले प्रधानमन्त्री श्रीमती सुशीला कार्कीलाई वहाँको नियुक्तिमा बधाई दिँदै भारत सरकार र भारतीय जनताको तर्फबाट शुभकामना व्यक्त गर्नुभयो।
भारत सरकार विदेश मन्त्रालयका अतिरिक्त सचिव (उत्तर) श्री मुनु महावरले सन् २०२५ डिसेम्बर ७-११ सम्म नेपालको भ्रमण गर्नुभयो। भ्रमणका क्रममा वहाँले नेपालका सम्माननीय प्रधानमन्त्री श्रीमती सुशीला कार्कीसँग शिष्टाचार भेटवार्ता गर्नुभयो। वहाँले नेपालका पाँचजना मन्त्रीहरु र परराष्ट्र सचिवसँग पनि भेटघाट गर्नुभयो। यसअघि सन् २०२५ अगस्टमा भारतका विदेश सचिव श्री विक्रम मिस्रीले नेपालको भ्रमण गर्नुभएको थियो।



नेपालका माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री अनिलकुमार सिन्हाले पार्टनरसिप समिटको ३० औं संस्करणमा सहभागी हुन सन् २०२५ नोभेम्बर १३-१५ सम्म भारतको भ्रमण गर्नुभयो र सन् २०२५ नोभेम्बर १३ मा आफ्ना समकक्षी भारतका माननीय वाणिज्य एवम् उद्योग मन्त्री श्री पीयूष गोयलसँग भेटघाट गर्नुभयो।



नेपालका तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री कुलमान घिसिङले आठौं आईएसए सभामा सहभागिता जनाउनका लागि सन् २०२५ अक्टोबर २७-३० सम्म भारतको भ्रमण गर्नुभयो । जलविद्युत परियोजनाहरुको समीक्षा र अन्तरदेशीय विद्युत व्यापार र ग्रिड कनेक्टिभिटीका विषयमा छलफल गर्न वहाँले सन् २०२५ अक्टोबर २९ मा भारतका माननीय विद्युत मन्त्री श्री मनोहर लालसँग भेट गर्नुभयो।



नेपालका माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री डा. सुधा शर्मा गौतमले परम्परागत चिकित्सासम्बन्धी दोस्रो विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ग्लोबल समिटमा सहभागी हुन सन् २०२५ डिसेम्बर १७-१९ सम्म भारतको भ्रमण गर्नुभयो । भ्रमणका क्रममा वहाँले भारतका माननीय स्वास्थ्य एवम् परिवार कल्याण मन्त्री श्री जगत प्रकाश नड्डासँग द्विपक्षीय भेटवार्ता गर्नुभयो।

## रक्षा सहकार्य




संयुक्त सैन्य अभ्यास 'सूर्य किरण' को १९ औं संस्करण सन् २०२५ नोभेम्बर २५ देखि डिसेम्बर ८ सम्म भारतको पिथौरागढमा आयोजना गरियो। काउन्टर इन्सरजेन्सी र विपद् व्यवस्थापनमा अन्तर-सञ्चालन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विशेष फौज सहित भारत र नेपाल प्रत्येकबाट ३३४ जना सैनिकहरु सहभागी भएका थिए। ७ औं आसाम रेजिमेन्ट र देवीदत्त गणले सैन्य टोलीको नेतृत्व गरेका थिए।



भारतका विदेश सचिव श्री विक्रम मिस्रीले सन् २०२५ अगस्ट १८ मा नेपाली सेनाका प्रधान सेनापति महारथी अशोक राज सिग्देलसँग भेटघाट गर्नुभयो र काठमाडौंस्थित नेपाली सेनाको मुख्यालय जङ्गी अड्डामा आयोजित एक समारोहमा लाइट स्ट्राइक भेहिकल, क्रिटिकल केयर मेडिकल इक्विपमेन्ट र सैन्य जनावरहरु सहितका रक्षा सामग्रीहरु हस्तान्तरण गर्नुभयो।



भारतीय सेनाका सेन्ट्रल कमाण्डका जीओसी-इन-सी लेफ्टिनेन्ट जनरल अनिंद्य सेनगुप्ता पीभीएसएम, युवाईएसएम, एभीएसएम, वाईएसएमले नेपाली सेनाको मुख्यालय जङ्गी अड्डामा नेपाली सेनाका प्रधान सेनापति महारथी अशोक राज सिग्देलसँग शिष्टाचार भेट गर्नुभयो। भेटका क्रममा वहाँहरुले भारतीय र नेपाली सेनाबीच रक्षा सहकार्य सुदृढ गर्ने र अपरेशनल सहकार्य अभिवृद्धि गर्ने तरिकाहरु उपर छलफल गर्नुभयो।

## व्यावसायिक साझेदारी



भारत सरकारले नेपाली स्टार्टअपहरूलाई भारतको गतिशील नवप्रवर्तन क्षेत्रमा प्रवेश गर्ने मार्ग प्रशस्त गर्दै सन् २०२५ डिसेम्बर १ देखि आईआईटी मद्रास प्रवर्तकमा नेपालका २४ वटा स्टार्टअपहरूको पहिलो समूहको लागि इन्डिया-नेपाल स्टार्टअप पार्टनरशिप नेटवर्क नामक फुल्ली फन्डेड कार्यक्रम सुरु गऱ्यो।




नेपालस्थित भारतीय राजदूतावासले एआई एसोसिएसन अफ नेपालसँगको साझेदारीमा सन् २०२५ नोभेम्बर २१ मा "एआई फर इन्क्लुसिभ ग्रोथः बिल्डिङ्ग नेपाल्स एआई रेडी फ्युचर" नामक एक कार्यक्रम आयोजना गऱ्यो। उक्त कार्यक्रममा स्टार्टअपहरु, सरकारी निकायहरु, चेम्बर अफ कमर्स, शैक्षिक संस्थाहरु, थिंक टयाङ्कहरु, र मिडियाका ४०० भन्दा बढी सहभागीहरूको उपस्थिति रहेको थियो।



गण्डकी प्रदेशलाई विशेष प्राथमिकतामा राखी नेपाल र उत्तर प्रदेशबीचको पर्यटनलाई प्रवर्द्धन गर्ने हेतु नेपालस्थित भारतीय राजदूतावासले पोखरा पर्यटन परिषद्सँगको सहकार्यमा सन् २०२५ डिसेम्बर १८ मा दोस्रो इन्डिया-नेपाल टुरिजम मिट आयोजना गऱ्यो। पर्यटनलाई थप सुदृढ बनाउन करिब १० भारतीय र ६० नेपाली प्रतिनिधिहरू बीटुबी सत्रमा सहभागी थिए।



नेपालका माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री अनिलकुमार सिन्हाको सन् २०२५ नोभेम्बरमा भएको भारत भ्रमणका क्रममा भारत र नेपालबीचको पारवहन सन्धिको प्रोटोकललाई संशोधन गर्दै लेटर अफ एक्सचेन्जमा हस्ताक्षर भएको थियो। यो हस्ताक्षरले विस्तारित परिभाषा अन्तर्गत बल्क कार्गो सहित जोगबनी (भारत) र विराटनगर (नेपाल) बीच रेलमार्गबाट हुने मालसामानको ढुवानीलाई सहज बनाउनेछ जसले अन्तरदेशीय व्यापार र कनेक्टिभिटीमा उल्लेख्य सुधार ल्याउनेछ।



नेपालका तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री कुलमान घिसिङ र भारतका माननीय विद्युत मन्त्री श्री मनोहर लालको उपस्थितिमा सन् २०२५ अक्टोबर २९ मा भारतीय पीएसयु पावरग्रिड र नेपाल विद्युत प्राधिकरणबीच इनरुवा (नेपाल)-न्यू पूर्णिया (भारत) र लम्की (दोदोधारा) (नेपाल)-बरेली (भारत) ४०० केभी प्रसारण लिंकहरू विकास गर्नका लागि संयुक्त उद्यम तथा शेयरधनी सम्झौतामा हस्ताक्षर भयो।

## सांस्कृतिक सम्बन्ध




नेपालस्थित भारतीय राजदूतावासले सन् २०२५ डिसेम्बर ८ मा लुम्बिनीमा तेस्रो भारत-नेपाल सांस्कृतिक महोत्सवको आयोजना गऱ्यो। उक्त महोत्सवमा लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्ती मगर मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। सांस्कृतिक कार्यक्रममा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्द्वारा समर्थित ६ सदस्यीय ओडिसी नृत्य टोलीले आफ्नो प्रस्तुति दिएको थियो।




नेपालस्थित भारतीय राजदूतावासले सन् २०२५ नोभेम्बर ७ मा आफ्नो परिसरमा राष्ट्रिय गीत 'वन्दे मातरम्' को १५० वर्षको उत्सव मनायो । उक्त कार्यक्रममा दूतावासका अधिकारीहरू, केन्द्रीय विद्यालयका शिक्षक तथा विद्यार्थीहरुले सामूहिक रुपमा 'वन्दे मातरम्' गाएका थिए।




साझा चाडपर्व र सांस्कृतिक सम्पदाको उत्सव मनाउन नेपालस्थित भारतीय राजदूतावासले सन् २०२५ अक्टोबर १५ मा आफ्नो परिसरमा दशैं, तिहार र छठ महोत्सवको आयोजना गऱ्यो । उक्त कार्यक्रममा नेपाली ब्यान्ड "मेट्रोनोम" को प्रस्तुति सहित आइसीसीआर-समर्थित एक टोलीको गजल प्रस्तुति रहेको थियो।

## विकास साझेदारी



राजदूत श्री नवीन श्रीवास्तवले सन् २०२५ नोभेम्बर २० मा हेटौंडामा नेपालका तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री कुलमान घिसिङलाई ७०-मिटर लामो मोड्युलर पुल र पुल जडान गर्न प्रयोग हुने विशेष उपकरणहरु हस्तान्तरण गर्नुभयो।



राजदूत श्री नवीन श्रीवास्तव र नेपालका तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले सन् २०२५ अगस्ट २० मा इलाम जिल्लाको पुवा खोलामा निर्मित ४८.८ मिटर लामो मोड्युलर पुलको संयुक्त रुपमा उद्घाटन गर्नुभयो । यो पुल सन् २०२४ को सेप्टेम्बरमा आएको बाढीपछि नेपाललाई उपलब्ध गराएको भारतको अनुदान सहायताको एक हिस्सा हो।

### उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू

**सन् २००३ यताका परियोजनाहरू**
- कुल परियोजनाहरु : ५९१
- निर्माण सम्पन्न : ५०६
- जारी: ८५
- कुल लागत: नेरु. १,५३६ करोड

**सन् २०२५ का परियोजनाहरू**
- उद्घाटन गरिएका: १३
- सुरु गरिएका/समझदारी पत्रमा हस्ताक्षर गरिएका: २६
- शिलान्यास गरिएका: १५








**सन् २०२५ मा उपहारस्वरूप प्रदान गरिएका सवारी साधन**
- एम्बुलेन्स: ४०
- स्कुल बस: ८१
- विद्युतीय कार: १५

हालसम्म जम्मा: १०४९ एम्बुलेन्स, ३८१ स्कुल बस र १५ विद्युतीय कार

## निर्वाचन सम्बन्धी सहयोग



भारत सरकारले सन् २०२६ जनवरी २० मा नेपाल सरकारलाई निर्वाचन सम्बन्धी सहयोगको पहिलो खेप हस्तान्तरण गऱ्यो । आगामी निर्वाचनको तयारीका लागि नेपाल सरकारले गरेको अनुरोध अनुरुप यस सहयोग अन्तर्गत ६० भन्दा बढी डबल-क्याब पिकअप सवारी साधन र अन्य सामग्रीहरू रहेका छन्। ६५० सवारी साधनहरु समावेश रहेको यो सहयोगको वितरण आगामी हप्ताहरूमा विभिन्न ब्याचहरुमा गराइनेछन् । नेपाल सरकारको अनुरोधमा भारतले सन् २००८ देखि निर्वाचन सम्बन्धी सहयोग उपलब्ध गराउँदै आएको छ । यसमा निर्वाचन आयोग लगायत नेपालका विभिन्न मन्त्रालय तथा विभागका लागि उपहारस्वरूप प्रदान गरिएका लगभग २,४०० सवारी साधनहरु रहेका छन्।

## शिक्षा र क्षमता निर्माण

**५००** — सन् २०२५ मा नेपालमा कक्षा ११ र १२ मा अध्ययन गर्नका लागि महात्मा गान्धी छात्रवृत्ति योजना (एमजीएसएस) अन्तर्गत सिटहरु।

**७००** — सन् २०२५ मा भारतमा विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहका कोर्षहरू अध्ययन गर्नका लागि सिटहरु।

**२००** — सन् २०२५ मा नेपालमा विभिन्न स्नातक तहका कोर्षहरू अध्ययन गर्नका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना (जीजेएसएस) अन्तर्गत सिटहरु।

**३३** — सन् २०२५ मा भारतको आर्मी पब्लिक स्कुलहरूमा अध्ययन गर्नका लागि सिटहरु।




सन् २०२५ मा भारतले नेपाली नागरिकहरूका लागि भारत तथा नेपालमा विभिन्न कोर्षहरूका लागि लगभग १,५०० छात्रवृत्ति प्रदान गऱ्यो।



सन् २०२५ मा ३८९ नेपाली अधिकारीहरु र पेशाकर्मीहरुले भारत सरकारको भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) कार्यक्रम अन्तर्गत IITs, IIMs, PRIDE र PGIMER सहित भारतका विभिन्न संस्थानहरूमा ७९ वटा विभिन्न कोर्षहरूको तालिममा सहभागिता जनाए।

## कृषि सहकार्य



नवौं भारत-नेपाल संयुक्त कृषि कार्यदलको बैठक सन् २०२५ डिसेम्बर २८ मा काठमाडौंमा आयोजना गरियो। उक्त बैठकको सह-अध्यक्षता भारत सरकारको कृषि तथा किसान कल्याण विभागका अतिरिक्त सचिव डा. प्रमोद कुमार मेहरदा र नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. हरि बहादुर के.सीले गर्नुभएको थियो। यो बैठक ज्ञानको आदानप्रदान र संयुक्त पहलहरू जस्ता विभिन्न उपायहरू मार्फत कृषि क्षेत्रमा द्विपक्षीय सहकार्यलाई सुदृढ बनाउनमा केन्द्रित रहेको थियो।